शिवालय गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड : १ संख्या : ३ चैत्र २५, २०७५

## भाग-२

शिवालय गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालयको
सूचना

# आर्थिक सहायता तथा राहत वितरण सम्बन्धी निर्देशिका २०७५

**प्रस्तावना**

प्राकृतिक तथा गैर प्राकृतिक विपद्बाट शिवालय गाउँपालिकाका नागरिकहरु, पदाधिकारीहरु, कार्यरत कर्मचारीहरुको जीउ ज्यान तथा जायजेथामा हुन गएको अपुरणीय क्षतिलाई संविधान प्रदत संरचना तथा राज्य शक्तिको प्रयोग गर्ने जनप्रतिनिधिमूलक यस तहले मानवोचित व्यवहार तथा मौलिक हकको प्रत्याभूति गराउन राहत एवं क्षतिपूर्तिको व्यवस्था गर्न, प्रचलित कानून तथा यस तहलाई प्रदत अधिकार सूचीमा निहित अधिकारहरुको व्यवहारिक अभ्यास गर्न विपन्न, असहाय, अपांग र घातक रोग पीडितलाई आर्थिक सहायता प्रदान गर्न सो लाई मितव्ययी, पारदर्शी, नियमित र न्यायोचित वनाउन, अधिकार प्राप्त निकाय तथा व्यक्तिबाट

निर्णय भई आएको अनुदान वितरणलाई सुव्यवस्थित गर्न, नागरिक, पदाधिकारी तथा कर्मचारीहरुलाई प्रदान गरिने सेवा सुविधालाई विधि सम्मत तुल्याउनको लागि वाञ्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी बनेको शिवालय गाउँपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन २०७५को दफा ४ अनुसार गाउँ कार्यपालिकाबाट शिवालय गाउँपालिकाको आर्थिक सहायता सम्बन्धी निर्देशिका, २०७५ स्वीकृत गरि लागु गरिएको छ।

**१. संक्षिप्तल नाम र प्रारम्भ :**

**क) नाम :** यो नियमावलीको नामआर्थिक सहायता सम्बन्धी निर्देशिका, २०७५ हुनेछ।

ख) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ।

**२. परिभाषा :**

**क) "गाउँपालिका"** भन्नाले संविधान र ऐन बमोजिम स्थापना भएको गाउँपालिका सम्झनु पर्दछ।

**ख) "गाउँ कार्यपालिका"** भन्नाले शिवालय गाउँपालिकाको कार्यकारी अंग सम्झनु पर्दछ।

**ग) "कोष"** भन्नाले गाउँपालिकाको आर्थिक सहायता कोष भन्ने सम्झनु पर्दछ।

**घ) "आर्थिक सहायता"** भन्नाले गाउँपालिकामा स्थायी वसोवास गर्ने नेपाली नागरिक, निजमा आश्रित परिवारका सदस्यहरु, निर्वाचित पदाधिकारीहरु,तथा गाउँपालिकामा कार्यरत कर्मचारीलाई प्रदान गरिने आर्थिक सहायता (नगद तथा जिन्सी) सम्झनु पर्दछ।

**ङ) "ऐन"** भन्नाले शिवालय गाउँपालिकाको विनियोजन ऐन सम्झनु पर्दछ।

**च) "समिति"** भन्नाले आर्थिक सहायता कोषको सञ्चायलक समिति सम्झनु पर्दछ।

**छ) "पदाधिकारी"** भन्नाले गाउँपालिकाका निर्वाचित अध्यक्ष, उपाध्यक्ष, वडाध्यक्ष, महिला सदस्य, दलित महिला सदस्य र वडा सदस्य एवं कार्यपालिका सदस्य समेतलाई सम्झनु पर्दछ।

**ज) "कर्मचारी"** भन्नाले गाउँपालिका अन्तर्गतका कार्यपालिकाको कार्यालय, शाखा, उपशाखा तथा विभिन्न कार्यालयहरु, सेवा केन्द्र, वडा कार्यालयहरुमा कार्यरत स्थायी, अस्थायी, करार तथा ज्यालादारी कर्मचारी सम्झनु पर्दछ।

**झ) "नागरिक"** भन्नाले शिवालय गाउँपालिकामा स्थायी बसोबास भएका नेपाली नागरिक सम्झनु पर्दछ। यस निर्देशिका प्रयोजनका लागि सो शब्दले निज नागरिकका आश्रित परिवारका सदस्यहरु एवं शिवालय

गाउँपालिकाको क्षेत्रभित्र फेला परेका स्थायी ठेगाना पत्ता नलागेका व्यक्तिहरुलाई समेत जनाउँछ ।

ञ) **"गैर प्राकृतिक विपद्"** भन्नाले महामारी, अनिकाल, कीट वा सुक्ष्म जिवाणु आतंक, पशु तथा चराचुरुङगीमा हुने फ्लू, सर्पदंश, हवाई, सडक, जल, औद्योगिक दुर्घटना डढेलो, आगलागी, विषाक्त ग्याँस, रसायन ग्याँस वा विकिरण चुहावट ग्याँस विस्फोटन, विषाक्त खाद्य सेवन, भौतिक संरचनाको क्षति, वातावरण प्रदुषण, वन विनाश, घातक रोगबाट संक्रमण, अङ्ग भङ्गता, जायजेथा, गम्भीर क्षति तथा चरम गरिवी समेतलाई सम्झनु पर्दछ ।

ट) **"लाभग्राही समूह"** भन्नाले प्रत्यक्ष लाभ प्राप्त गर्ने व्यक्तिहरुको समूहलाई जनाउनेछ ।

३. **कोषको उद्देश्यः** यस कोषको उद्देश्य शिवालय गाउँपालिकाका नागरिक, पदाधिकारीहरु तथा कार्यरत कर्मचारीहरुको संविधान प्रदत मौलिक हक तथा मानवोचित जीवनयापन प्रत्याभूति गर्न सघाउ पुर्‍याउनु तथा तत्कालीन राहतको व्यवस्था गरी लोक कल्याणकारी राज्यको सामाजिक न्याय र सामाजिक सुरक्षाको दायित्व निर्वाह गर्नु रहेको छ ।

४. **कोषमा जम्मा हुने रकम :**

क. शिवालय गाउँपालिकाको विनियोजन ऐनद्धारा विनियोजित रकम,

ख. गाउँ सभा तथा कार्यपालिकाको वैठक बाट आर्थिक सहायता कोषमा विनियोजित रकम,

ग. आर्थिक सहायताका लागि नेपाल सरकार, प्रदेश सरकार वा अन्य संघ संस्था एवं दातृ निकायबाट प्राप्तह हुने रकम ।

घ. कार्यपालिकाकाको निर्णय वमोजिम साविकका सरकारी तथा गैरसरकारी क्षेत्रका यस्तै प्रकृतिका कोषबाट राहत कोषमा हस्तान्तरण गरिएको रकम,

ङ. अन्य कुनै श्रोतबाट प्राप्तह हुने रकम ।

५. **आर्थिक सहायता कोष सञ्चातलक समितिः** यस कोषको सञ्चालक समिति देहाय बमोजिमको हुनेछ :

| | | |
|---|---|---|
| क. | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| ख. | सम्बन्धित क्षेत्रको विशेषज्ञ | सदस्य |
| ग. | आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| घ. | सामाजिक विकास शाखा प्रमुख | सदस्य सचिव |

**६. सञ्चालक समितिको बैठक :**

क. समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

ख. समितिमा अध्यक्ष सहित ३ जना उपस्थित भएमा गणपूरक संख्या पुगेको मानिनेछ ।

ग. समितिको बैठक बसेमा बढीमा महिनामा १ पटक रु. १५०० बैठक भत्ता (प्रति सदस्य) सोही कोषबाट खर्च गर्न सकिनेछ ।

**७. कोषको सञ्चालनः**

क. कोषमा प्राप्तक हुने रकम शिवालय गाउँपालिका आर्थिक सहायता कोषको नाममा स्थानीय बैंकमा खाता खोली सञ्चालन गरिनेछ ।

ख. बैंक खाता प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चातलन गरिनेछ ।

**८. कोषको उपयोग :** यस कोषमा जम्मा भएको रकम निम्नानुसारका क्षेत्रमा खर्च गर्न सकिनेछ :

अ. नागरिक राहत, क्षतिपूर्ति तथा आर्थिक सहायता (औषधी उपचार खर्च समेत) प्राकृतिक तथा गैर प्राकृतिक विपद्‌बाट नागरिक, पदाधिकारीहरु एवं कर्मचारीहरुको मृत्यू भएमा अनुसुची १ बमोजिम निवेदन र अनुसूची २ बमोजिमका कागजातहरु प्राप्त भएमा एकमुष्ट  बढीमा रु १,००,००० (एक लाख) एक पटक राहत स्वरुप प्रदान गर्न सक्नेछ र अङ्गभङ्ग भएमा वा घाईते भएमा वा सम्पति वा जायजेथामा क्षति पुगेमा, असाध्य अर्वुद रोग (Cancer), मृगौला (Kidney), पार्किन्सस् र अल्जाइमर्स (Parkinsons and Alzheimers), टाउको तथा सुषुम्ना चिरफार (Head and Spinal Surgery) र मुटुसम्बन्धी रोगहरु (Cardio vascular disease), प्यारालाइसिस, बोनम्यारो रोगबाट पीडित भएमा मान्यता प्राप्त  विशेषज्ञ चिकित्सकको सिफारिस (Prescription), सम्वन्धित वडाको वडा अध्यक्षको सिफारिस, संलग्ना नाता प्रमाणित प्रमाणपत्र, नेपाली नागरिकताको प्रमाणपत्र एवं जन्मदर्ता तथा विवाह दर्ताको प्रमाण पत्र संरक्षकको हकमा नेपाली नागरिकता तथा संरक्षक भएको वडा कार्यालयको सिफारिस, मृत्यूदर्ता प्रमाण पत्र, नावालकको हकमा संरक्षक समेतको आधारमा राहत क्षतिपूर्ति तथा आर्थिक सहायता स्वरुप एकमुष्ट र बढीमा रु ५०००० (पचास हजार) उपलब्ध गराउन सक्नेछ ।

आ. शिवालय गाउँपालिका भित्रमा कुनै बेवारिसे शव प्राप्तप भएमा शव ढुवानी, पोष्टमार्टम र दाहसंस्कार गर्ने प्रयोजनका लागि सम्बन्धित वडा कार्यालयको सिफारिसमा रु.१०००० (दश हजार)सम्म सम्बन्धित आर्थिक

सहायता दिन सकिनेछ ।

इ. गाउँपालिका क्षेत्र भित्र प्राकृतिक तथा गैर प्राकृतिक र सवारी दुर्घटना भई तत्काल उद्दार गर्नुपर्ने भएमा घाइते तथा बिरामीहरुलाई उपचार स्थलसम्म पुर्यावउन एम्बुलेन्सका लागि गाउँपालिकाले अधिकतम रु. १०००० (दश हजार)सम्म राहत उपलब्ध गराउन सक्नेछ ।

९. **नजिकको हकदार:** आर्थिक सहायता लिन आउन नसक्ने अवस्था रहेमा निम्न बमोजिमका नजिकका हकदार मार्फत अनूसुची २ बमोजिमको ढाँचामा निवेदन प्राप्त भएमा आर्थिक सहायता उपलव्ध गराउन सकिने छ ।

- पति वा पत्निन
- सगोलको छोरा
- छोरी
- छोरा वुहारी
- सगोलको दाजु भाई वा दिदी बहिनी
- धर्मपुत्र
- धर्मपुत्री
- छोरा र छोरा वुहारी दुवैको मृत्यु भैसकेको अवस्थामा निजहरुबाट जन्मेको नाति वा नातिनी
- सगोलको बाजे वा वज्यै र विवाहिता मृतक महिलाको हकमा सगोलको सासु वा ससुरा
- वडा कार्यालयको नाता प्रमाणित सहित सिफारिस गरिएको आधारमा नजिकका नातेदार मार्फत आर्थिक सहायता दिन सकिनेछ ।

तर उल्लेखित क्रमका कुनै हकदार पत्ता नलागेको अवस्थाका व्यक्तिलाई सम्वन्धित वडा अध्यक्षको सिफारिसमा आर्थिक सहायता दिन सकिनेछ ।

**१०. आर्थिक सहायताको लागि राहत कोष स्थापना र परिचालन**

क. आर्थिक सहायता उपलव्ध गराउन गाउँपालिकाले आर्थिक सहायता कोष स्थापना एवं सञ्चालन गर्न पहिलो वर्ष रु १० लाख र अन्य वर्षमा न्युनतम ५ लाख रकम अनुदान स्वरुप विनियोजन गर्नु पर्नेछ ।

ख. कुनै व्यक्तिलाई आर्थिक सहायता प्रदान गर्दा सञ्चालक समितिको निर्णय बेगर गर्न पाइने छैन ।

ग. आर्थिक सहायता प्राप्त गर्नका लागि आवश्यक पुष्ट्याइँ गर्ने कागजात पेश गर्नुपर्नेछ ।

घ. कोषमा मौज्दात रकमको अवस्था हेरेर मात्र आर्थिक सहायताको निर्णय गर्नुपर्नेछ ।

ङ. कोषमा १० प्रतिशत भन्दा कम रकम मौज्दात रहने गरी आर्थिक सहायता प्रदान गर्न पाइने छैन ।

च. कोषबाट गरिने आर्थिक सहायताको निर्णय सामान्यतया समितिको बहुमतबाट हुनेछ ।

छ. आर्थिक सहायता प्रति व्यक्ती एकपटक मात्र हुनेछ ।

**११. आर्थिक सहायताको प्राथमिकताः**

- अशक्त विरामी
- असहाय, अनाथ वालवालिका तथा व्यक्ति
- अपाङ्गता भएका व्यक्तिहरु
- जेष्ठ नागरिक
- राजनितीक आन्दोलनका क्रममा शहिद घाइते तथा वेपत्ता भएका व्यक्तिहरु
- विविध कारणवस विस्थापनमा परेका घरबार बिहिन
- गैर प्राकृतिक विपत तथा विपतबाट पीडित व्यक्ति
- गाउँपालिकाका पदाधिकारी तथा कर्मचारीहरुलाई घातक रोग लागि स्वास्थ्य उपचार गर्नु परेमा

**१२. कोषको लेखा तथा लेखापरीक्षणः**

क. यस कोषको लेखा संघीय नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिकाको स्वीकृत मापदण्ड तथा प्रकृया बमोजिम राख्नु पर्नेछ ।

ख. कोषको लेखा राख्नो र लेखापरीक्षण गराउने जिम्मेवारी खाता सञ्चालक पदाधिकारीको हुनेछ ।

ग. गाउँपालिकाको आन्तरिक लेखा परीक्षकले कोषको आन्तरिक लेखा परीक्षण गर्ने छ ।

घ. कोषको अन्तिम लेखा परीक्षण महालेखा परीक्षकबाट गरिनेछ ।

**१३. निर्देशिकामा संशोधनः** सञ्चारलक समितिको सिफारिसमा यस निर्देशिकामा प्रचलित कानूनको प्रतिकूल नहुने गरी कार्यपालिकाले संशोधन गर्न सक्नेछ ।

**१४. बाधा अड्काउ फुकाउनेः** यस निर्देशिका अनुसार कोषको सञ्चालनमा कुनै बाधा अड्काउ आइपरेमा यसको बाधा अड्काउ फुकाउने अधिकार कार्यपालिकामा रहनेछ ।

**१५. यसै बमोजिम भएको मानिनेः** यो निर्देशिका कार्यान्वयन हुनुभन्दा अगाडी भएको आर्थिक सहायता तथा राहत वितरणका कामहरु यसै बमोजिम भएको मानिनेछ ।

# अनुसूची १
## आर्थिक सहायता माग गर्ने निवेदनको नमुना

श्री अध्यक्षज्यू,
आर्थिक सहायता कोष सञ्चालक समिति
शिवालय गाउँपालिका, जाजरकोट ।

**विषयः <u>आर्थिक सहायता पाउँ भन्ने बारे ।</u>**

महोदय,

मेरो ............................................................... भई सम्पति तथा जायजेथा/ घर/घरजग्गा क्षति ग्रस्त भएको र सम्पति ............... जनाको मृत्यु/घाईते/बिरामी भएको हुँदा रु. .................................. आर्थिक सहायता पाउँ भनी यो निवेदन पेश गरेको छु ।

निवेदक

..............

# अनुसूची २

## नजिकको हकदारले आर्थिक सहायताको लागि दिने निवेदनको ढाँचा र आवश्यक कागजातहरु

मितिः......................

**विषयः राहत क्षतिपूर्ति वा आर्थिक सहायता उपलब्ध गराइ पाउँ ।**

श्री अध्यक्षज्यू
आर्थिक सहायता कोष सञ्चालक समिति
शिवालय गाउँपालिका, जाजरकोट ।

निवेदन गर्नको कारण यो छकी मिति / / मा भएको/भएका म मेरो वा देहायको व्यक्तिको म नजिकको हकदार भएकोले निम्न कागजातहरु संलग्न गरी गाउँपालिकाद्वारा उपलब्ध गराउने राहत क्षतिपूर्ति आर्थिक सहायता अनुदान उपलब्ध गराई दिन यो निवेदन गर्दछु ।

**संलग्न कागजातहरु**

१. नेपाली नागरिकताको प्रमाण पत्र
२. जन्मदर्ता प्रमाण पत्र
३. नाता प्रमाणित प्रमाण पत्र र संक्षरक प्रमाणित
४. मृत्यू दर्ताको प्रमाण पत्र
५. प्रहरी मुचुल्का
६. वडा कार्यालयको सिफारिस
७. आवश्यक अन्य कागजातहरु

**निवेदक**
नाम :
ठेगाना :
दस्तखत :

**आज्ञाले**
**धनीराम शर्मा**
**प्रमुख प्राशसकीय अधिकृत**